वनगाड कुपिण्डे नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ३ | मितिः २१/१०/२०७५

**भाग-२**

वनगाड कुपिण्डे नगरपालिका

## वनगाड कुपिन्डे नगरपालिका

## मर्मत सम्भार विशेष कोष संचालन निर्देशिका, २०७५

**प्रस्तावना**

नगरपालिकाले निर्माण गरेका सडक, ढल, खानेपानी, सिंचाइ, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधारका आयोजनाहरुलाई दीगो रुपमा संचालनमा ल्याउनका लागि त्यस्ता आयोजनाहरुको नियमित रुपमा र्मंमत सम्भार गर्नु अपरिहार्य हुन्छ। नगरपालिकाले नगर क्षेत्रका पूर्वाधारहरुको व्यवस्थापन गर्न मर्मत सम्भार विशेष कोष खडा गरी सो कोषमा रकम जम्मा गर्नसक्ने व्यवस्था गरेको छ।सो कोषमा कूल आन्तरिक आयको कम्तीमा तीन प्रतिशत रकम मर्मत सम्भार कोषमा जम्मा गरेको, मर्मत सम्भार कोषबाट कार्यक्रम तर्जुमा गरी सम्पन्न पूर्वाधारका आयोजनाको मर्मत सम्भार गरेको जस्ता सूचकहरु समावेश भएबाट नगरपालिकाले मर्मत सम्भार विशेष कोषमा रकम जम्मा गरी सो कोषलाई व्यवस्थित ढंगले परिचालन गर्नुपर्ने देखिन्छ। यी प्रावधानको अधीनमा रही वनगाड कुपिन्डे नगरपालिकाले पनि सडक, पुल, पुलेसा, ढल, खानेपानी लगायतका भौतिक पूर्वाधारका संरचनाहरुलाई आवश्यकताअनुसार मर्मत गरी दीर्घकालसम्म सञ्चालनमा ल्याउनका लागि **वनगाड कुपिन्डे नगरपालिकाको मर्मत सम्भार विशेष कोष सञ्चालन निर्देशिका, २०७५** तयार गरी कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१. यस निर्देशिकाको नाम **वनगाड कुपिन्डे नगरपालिकाको मर्मत सम्भार विशेष कोष संचालन निर्देशिका, २०७५** रहेको छ।

२. यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) "कोष" भन्नाले नगरपालिकाबाट मर्मत सम्भारका लागि स्थापना हुने मर्मत सम्भार विशेष कोषलाई सम्झनु पर्दछ।

(ग) "नगरपालीका" भन्नाले वनगाड कुपिन्डे नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सञ्चालन हुने नगर सभालाई सम्झनु पर्दछ।

(ङ) "स्थानीय तह" भन्नाले जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले कोष सञ्चालनको लागि गठन गरिएको समिति सम्झनुपर्दछ।

(छ) "कर्मचारी" भन्नाले वनगाड कुपिन्डे नगरपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्दछ।

(ज) "कार्यकारी अधिकृत" भन्नाले वनगाड कुपिन्डे नगरपालिकाको कार्यालयमा कार्यरत कार्यकारी अधिकृत वा वनगाड कुपिन्डे नगरपालिकाका सचिवलाई सम्झनु पर्दछ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ञ) "संयोजक" भन्नाले मर्मत सम्भार कोष संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ।

(ट) "सदस्य सचिव" भन्नाले मर्मत सम्भार कोष संचालन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ।

(ठ) "गैर सरकारी संस्था" भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायम विधिवत रुपले दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ।

(ड) "पूर्वाधार" भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय र सांस्कृतिक सम्पदाहरुलाई सम्झनु पर्दछ।

(ढ) "मर्मत सम्भार" भन्नाले नगरपालिका लगायत जिल्ला समन्वय समिति र उपभोक्ता समितिहरुबाट निर्माण सम्पन्न गरिएका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्य भन्ने सम्झनु पर्दछ।

३. **निर्देशिकाको उद्देश्य**

यस निर्देशिकाको प्रमुख उद्देश्य वनगाड कुपिन्डे नगरपालिका भित्र रहेका सडक, बाटो, पुल पुलेसा, ढल, खानेपानी लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्नु रहेको छ। साथै नियमित रुपमा मर्मत गरिनु पर्ने सडक, बाटो आदिको पहिचान गर्न, सो अनुसार योजना तर्जुमा गर्न, नियमित रुपमा गरिने खर्चको नियन्त्रण गर्न, लागत अनुमानमा एक रुपता कायम गर्न र नगरपालिका भित्र मर्मत गर्नु पर्ने र नपर्ने पूर्वाधारहरुको विवरण बनाई नगरपालिकाको काम कारबाहीमा एकरुपता कायम गर्ने नै भएतापनि यस बाहेकमा अन्य उद्देश्यहरु तल उल्लेख गरिएको छ :



CamScanner

१. सडक, खानेपानी, ढल लगायतका अन्य पूर्वाधारहरुको मर्मत सम्भारका लागि प्राप्त हुने श्रोत र साधनहरुको व्यवस्थित रुपले सञ्चालन गर्ने ।
२. उपभोक्ता समिति, सरकारी तथा गैर सरकारी निकायहरुबाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय जनसमुदायको अपनत्व वृद्धि गर्ने ।
३. स्थानीय श्रोत र साधनहरुको व्यवस्थित रुपमा परिचालन गर्ने ।
४. स्थानीय उपभोक्ताहरुलाई सम्पन्न तथा निर्माणाधिन योजना तथा आयोजनाहरुमा हाम्रो, हामीले र हाम्रा लागि भन्ने भावना जागृत गराउने ।
५. वार्षिक रुपमा मर्मत सम्भार गर्नु पर्ने सडक लगायतको अन्य पूर्वाधारहरुको विवरण तयार पारी मर्मत सम्भार सम्बन्धी कार्यक्रम तयार पार्ने ।
६. वर्तमानमा सो लगानी वा थोरै मेहनतबाट भविष्मा हुने ठूलो क्षतिबाट योजना तथा आयोजनाहरुलाई समयमा नै बचाउने ।
७. पुराना योजनाहरुलाई बीचमै रोकेर नयाँ योजना माग गर्ने प्रक्रियालाई निरुत्साहित पार्ने ।
८. स-साना मर्मत सम्भार तथा आयोजनाहरुबाट निरन्तर लाभ लिने क्षमताको विकास स्थानीय उपभोक्तामा गराउने ।
९. स-साना आयोजना तथा योजनाका लागि पनि दाता खोज्ने प्रवृतिलाई निरुत्साहित गर्दै जाने ।
१०. मर्मत सम्भार कार्यहरुलाई सहयोग दिई कार्यमा सरलता ल्याउने ।
११. आयोजनाहरु सम्पन्न भएपछि दिगोपना कायम राख्ने ।
१२. नगरक्षेत्र भित्र सेवाग्राहीहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।

## ४. निर्देशिकाको प्रयोगकर्ता

यस निर्देशिका देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्ने छन् :

१. प्रयोगकर्ता वनगाड कुपिन्डे नगरपालिका, वडासमिति, नगर क्षेत्र भित्रका नागरिक समाज, उपभोक्ता समिति, ठेकेदार, कर्मचारीहरु
२. नगरक्षेत्र भित्रका टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सामुदायिक संस्था तथा यस कार्यमा प्रयोग हुने व्यक्ति तथा समुदायहरु
३. नगरपालिका क्षेत्र भित्र काम गर्ने राजनैतिक संयन्त्र, अनुसन्धानकर्ता, सामाजिक कार्यकता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायले पनि यसको प्रयोग गर्न सक्नेछन् ।

## ५. निर्देशिकाको कार्य क्षेत्र र सीमा

यस निर्देशिकामा मर्मत सम्भारका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थापकिय पक्षलाई पनि समेट्न खेजिएको छ ।वनगाड कुपिन्डे नगरपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो निर्देशिका बनाएको हुँदा यसको कार्य सीमा वनगाड कुपिन्डे नगरपालिकाको सबै क्षेत्रमा मात्र रहने छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानून यसमा आकर्षित हुने हुँदा यो निर्देशिकालाई नगरपालिका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायलाई समेत मार्गदर्शनको रुपमा लिन सकिने छ । साथै प्रस्तुत निर्देशिका अन्य स्थानीय निकायको लागि समेत उपयोगी हुन सक्नेछ ।

## ६. आवश्यकता

स्थानीय निकायहरुमा बढ्दै गएको कार्यक्षेत्रको विस्तारका साथै सम्पन्न भए गरेका विकास निर्माण कार्यहरुको दिगोपना कायम गरी नगरवासीहरुमा भरपर्दो सेवा प्रवाह प्रदान गर्न, नेपाल सरकार लगायत अन्य निकायहरुबाट भएको लगानीको प्रतिफल हासिल गर्न, विकास खर्चमा मितव्ययितता कायम गर्न, पूर्वाधारहरुको दीर्घकालिन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनाबद्ध, नियमित, प्रभावकारी रुपमा मर्मत सम्भार कार्य परिचालन गर्न अति आवश्यक भएको छ। यसका साथै देहायका कारणबाट पनि यसको आवश्यकता बुँदागत रुपमा उल्लेख गरिएको छ।

१. वनगाड कुपिन्डे नगर क्षेत्रभित्र रहेका सडकहरु लगायत अन्य पूर्वाधारहरुको सेवालाई सूचारु राख्न,
२. सम्भावित दुर्घटनालाई घटाउन,
३. जटिल किसिमका क्षतिहरुबाट बचाउन,
४. नगरवासीहरुको आधारभूत हक अधिकारको संरक्षण गर्न,
५. नगरपालिका लगायतबाट भएको लगानीको संरक्षण गर्न,
६. अन्तरस्थानीय निकायहरुसँग समन्वय कायम राख्न,
७. सबै नागरिकहरुको नगपालिकाको पहुँचमा वृद्धि गर्न,
८. वातावरणिय समस्याहरुबाट जोगाई राख्न,
९. सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्न।

## ७. कानूनी आधार

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आयोजनाको मर्मत सम्भार र व्यवस्थापनका लागि नगरपालिकामा देहायको व्यवस्था गरेको छ।

१. नगरपालिकाले सम्पन्न आयोजनाहरुको मर्मत सम्भारको लागि त्यस्तो ओयोजनाबाट सेवा प्राप्त गर्ने व्यक्तिहरुबाट सेवा शुल्क सङ्कलन गर्न सक्नेछ।
२. उपदफा (१) बमोजिम सेवा शुल्कबाट उठेको रकमबाट आयोजनाहरुको मर्मत सम्भार र आवश्यक व्यवस्थापन गर्नु पर्नेछ।
३. उपदफा (१) र (२) बमोजिमको आम्दानी खर्चको अद्यावधिक विवरण नगरपालिकाले राख्नु पर्नेछ।

त्यसै गरी नगरपालिकामा जाँचपास भएका आयोजनाहरुको मर्मत सम्भार र विस्तार तथा व्यवस्थापनका सन्दर्भमा देहायको व्यवस्था गरेको छ :

१. आयोजना सम्पन्न भएपछि आयोजनाको जाँचपास र फरफारक गर्नु गराउनु पर्नेछ।
२. आयोजना सञ्चालन गर्ने निकायबाट आयेजना सम्पन्न भएको जानकारी नगरपालिकामा प्राप्त भएपछि प्राविधिकले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन र मूल्याङ्कनको आधारमा नगरपालिकाले जाँचपास र फरफारक गर्नेछ।
३. सम्पन्न ओयोजनाहरुको जाँचपास र फरफारकको अनुमोदन नगर परिषदले गर्नेछ।

## ८. उपभोक्ता समूह गठन गर्न सक्ने

आयोजना कार्यान्वयन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट नगरपालिकाले सम्बन्धित निकाय मार्फत उपभोक्ता समुह गठन गर्न सक्नेछ।

CS CamScanner

## गैर सरकारी संस्थालाई प्रोत्साहित गर्नुपर्ने

नगरपालिकाको क्षेत्रभित्र विकास सम्बन्धी कार्यक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख, मूल्याङ्कन तथा मर्मत सम्भार गर्ने कार्यका लागि गैर सरकारी संस्थालाई प्रोत्साहित गर्नु पर्नेछ। यसरीसञ्चालित कार्यक्रमहरुमा गैर सरकारी संस्थाहरुले आफ्नै स्रोत र नगरपालिकाबाट प्राप्त स्रोतबाट सञ्चालन गर्न सक्नेछन्। यसरी आयोजना सञ्चालन गर्ने गैर सरकरी संस्थाहरुले आयोजना तथा कार्यक्रमहरुको पूर्ण विवरण सम्बन्धित नगरपालिकामा पेश गर्नु पर्नेछ। नगरपालिकाले पनि मर्मत सम्भार लगायतका कार्यहरु सम्बन्धित क्षेत्रका गैर सरकारी संस्था मार्फत योजना तथा कार्यक्रमहरु कार्यान्यन र सञ्चालन गर्न सक्नेछ।

नगरपालिका राजपत्र

CamScanner

## परिच्छेद २

## मर्मत सम्भार सम्बन्धी नीति तथा कार्यनीतिहरु

### ०. नीति

नगरक्षेत्र भित्र सरकारी तथा गैर सरकारी निकायहरुबाट संचालन गरिने विकास निर्माणका कार्यहरु लगायत सार्वजनिक सेवा सम्बन्धी काम कारवाही सञ्चालन गर्दा सकेसम्म नगरक्षेत्रका सबै पूर्वाधारका साथै सार्वजनिक सडक, पुल, पुलेसा आदिको स्थायी र दिगोपनका लागि आवश्यक मर्मत सम्भार कार्य गर्न वनगाड कुपिन्डे नगरपालिकाले अनुकूल वातावरण तयार गर्ने नीति अवलम्बन गर्नेछ ।

### ११. कार्यनीति

यस निर्देशिकाको नीति कार्यान्वयन गर्नका लागि वनगाड कुपिन्डे नगरपालिकाबाट देहाय अनुसारका कार्यनीतिहरु अवलम्बन गरिनेछ :

१. मर्मत सम्भार कार्य भरसक श्रमदान वा कामदारहरु सोझै परिचालन गरी वा उपभोक्ता समितिको माध्यमबाट वा ठेक्कापट्टाबाट गराउने ।

२. मर्मत सम्भार कार्य भरसक श्रममूलक स्थानीय नेतृत्व हुने गरी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट सञ्चालन गर्ने ।

३. सम्भव भएसम्म स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

४. प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि आवश्यक सूचि तयार गरी सम्भाव्य क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सूचारु गर्नु पर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई यस किसिमको कार्यलाई सहज र सरल बनाउने ।

५. सडक लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका जनता, उपभोक्ता समितिलाई नगरपालिकाको आवश्यक पहलमा मर्मत सम्भार कार्य सहितको जिम्मेवारी क्रमश दिदै जाने ।

६. नगर क्षेत्र भित्र निर्माण कार्य सम्पन्न भएका र निर्माणाधिन अवस्थाका पूर्वाधारहरुको उचित मर्मत सम्भार सहित दिगो उपयोगिताको लागि स्थानीय निकायहरुको आफ्नै श्रोत, नेपाल सरकारको अनुदान अन्तर्गत पूर्वाधार क्षेत्रका लागि वार्षिक रुपमा विनियोजित रकमको निश्चित प्रतिशत रकम मर्मत सम्भारको लागि उपयोग गर्ने ।

७. मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी नगरपालिकाले उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै जाने ।

८. मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन सम्बन्धी निर्देशिका कार्यान्वयनका लागि नगरपालिका, नगरवासी तथा उपभोक्ता समितिहरुले समय समयमा बैठक बसी देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

### १२. मर्मत सम्भार कार्य कार्यान्वयन सम्बन्धी व्यवस्थाः

मर्मत सम्भारको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउदा देहाय अनुसार गर्नु पर्नेछ :

१. प्रचलित कानून बमोजिम हुने गरी कार्यक्रम स्थानीय उपभोक्ता समूहद्वारा गठित उपभोक्ता समिति मार्फत गराउन प्राथमिकता दिनु पर्नेछ ।

२. माथि उल्लेखित प्रक्रियाबाट काम गराउने प्रयोजनको लागि नगरपालिकाले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गिकरण र सूचिकृत गरी उनीहरुको लागत अद्यावधिक गर्नु पर्नेछ।

३. उपनियम (१) बमोजिम उपभोक्ता समितिद्वारा स्थानीय आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा वा सञ्चालन गराउदा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) उपभोक्ता समिति मार्फत काम गराउदा लागत, काम सम्पन्न हुनुपर्ने अवधि, सम्पन्न कामको सञ्चालन तथा मर्मत सम्भार र आवश्यक अन्य कुरा समेत स्पष्ट खोली सम्बन्धित स्थानीय निकाय र उपभोक्ता समिति खर्च सम्झौता गर्नु पर्नेछ।

(ख) यस कार्यका लागि नगरपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(ग) प्राविधिकले लागत अनुमान गर्दा जनसहभागीताको अंश समेत किटानी साथ उल्लेख गर्नुपर्नेछ। यस्तो लागत अनुमानको रकममा मूल्य अभिवृद्धि कर, शिरोभार (ओभरहेड) तथा कन्टिन्जेन्सी रकम र जनसहभागिता अंश कट्टि गरी उपभोक्ता समितिलाई काम दिनु पर्नेछ।

(घ) उपभोक्ता समितिले निर्माणसम्बन्धी काम सम्पन्न गरिसकेपछि प्राविधिकबाट नापजाँच गराई उक्त कार्यका लागि प्राप्त रकम र जनसहभागिताबाट व्यहोरेको श्रम वा नगद वा जिन्सी समावेश भएको कूल खर्चको विवरण र बहुमत उपभोक्ता समूहको उपस्थिति र निर्णयको प्रमाणित प्रतिलिपि समेत नगरपालिकामा पेश गर्नु पर्नेछ। यसरी विवरण प्राप्त भएपछि नगरपालिकाले आवश्यक ठानेमा सार्वजनिक परीक्षण समेत गराई सो सहितको अभिलेख खडा गर्नु पर्नेछ।

(ङ) उपभोक्ता समितिले गराएको काम ठेकेदारबाट गराउनु हुदैन। उपभोक्ता समितिले समयमा काम गराउन नसकेमा नगरपालिकाले प्रचालित नियम बमोजिम वा अन्य प्रक्रियाबाट काम गराउने सक्नेछ। उपभोक्ता समितिले रकम दुरुपयोग गरेको बुझिन आएमा छानविन गरी दुरुपयोग भएजति रकम उपभोक्ता समितिको पदाधिकारीबाट दामासाहीले सरकारी बाँकीसरह असुल उपर गरिनेछ।

(च) उपभोक्ता समितिबाट सम्पन्न हुने कामको मर्मत सम्भारको जिम्मा सोही उपभोक्ता समितिको हुने भन्ने कुरा सम्झौतामा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

(छ) उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्नेछ। यसरी हस्तान्तरण भै प्राप्त आयोजनाको सेवावापत उपभोक्ता समितिले दस्तुर तोकी आफ्नो कोष खडा गरी सञ्चालन गर्न सक्नेछ।

(ज) बढि जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनको बढी प्रयोग हुने काम बाहेक सामान्यता श्रमप्रधान प्रबिधि अपनाइने आयोजना वा कार्यक्रममात्र उपभोक्ताम समितिमार्फत गराउनु पर्नेछ।

तर कारण खोली नगरपालिकाले निर्णय गरेमा विशेष अनुगमनको व्यवस्था मिलाई उपभोक्ता समितिसँग संयूक्त व्यवस्थापनमा अन्य आयोजना कार्यान्वयन गराउने बाधा पर्ने छैन।

(झ) उपभोक्ता समितिले लिएको पेश्की फछयौंट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता तथा कार्यसम्पादनको आधारमा नापजाँच र मूल्य खुलेको रनिङ् बिल, उपभोक्ता समितिको बैठकको निर्णयको प्रतिलिपी सहित सम्बन्धित निकायम निवेदन प्रस्तुत गर्नुपर्नेछ।



CamScanner

(ञ) उपभोक्ता समितिबाट खण्ड (झ) बमोजिमको विवरण प्रस्तुत भई पेश्की फछर्यौट भएजतिको रकममात्र अर्को किस्ता कायम गरी पेश्कीको रुपमा सोधभर्ना दिनुपर्नेछ ।

(ट) उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता, बिल, भरपाई सम्बन्धित निकायले जुनसुकै समयमा पनि कर्मचारी खटाई जाँच गरी प्रतिवेदन लिन सक्नेछ ।

(ठ) उपभोक्ता समितिले नगरपालिका समक्ष कामको लागि निवेदन प्रस्तुत गर्दा तथा नगरपालिकाले उपभोक्ता समितिसँग सम्झौता गर्दा उपभोक्ता समितिले गर्ने योगदानको रकम खुलाउनु पर्नेछ र उपभोक्ता समितिले कार्य गर्दा सो अनुरुप गरी किताव राख्नु पर्नेछ ।

(ड) उपभोक्ता समितिबाट गराएको कामको लागि नगरपालिकाबाट प्राविधिक सहयोग उपलब्ध गराउन कुनै कारणले सम्भव नभएमा तोकिएको खर्चको सीमाभित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न सक्नेछ ।यसरी नियुक्त गरिएको प्राविधिकलाई दिनुपर्ने पारिश्रमीक कन्टेन्जेन्सीबाट भुक्तानी गर्नु पर्नेछ । यस किसिमको पारिश्रमिक लागत अनुमानको तीन प्रतिशतभन्दा बढी हुने छैन ।

(ण) उपभोक्ता समितिले आफूले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारणसहित निवेदन दिएमा खण्ड (त) बमोजिमको उपभोक्ता समूह र उपभोक्ता समितिले गरेको निर्णयको आधारमा नगरपालिकाले म्याद थप गर्नेछ ।
तर साधारणतया यस्तो म्याद थपको अवधि कार्य सम्पन्न गर्नुपर्ने अवधिभन्दा बढी हुने छैन ।

(त) उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फाराम र नापी किताबको आधारमा अन्तिम किस्ता भूक्तानी दिइनेछ । यसरी सम्पन्न भएको कार्यको प्रकृति हेरी छ महिना भित्र निर्माण कार्यमा कुनै त्रुटी (डिफेक्ट) भई सच्याउनु परेमा निर्माण कार्य गर्ने उपभोक्ता समितिले नै आफ्नो खर्चमा सच्याउनु पर्नेछ ।

(थ) निर्माण कार्य बाहेक अन्य कार्यक्रममा उपभोक्ता समितिसँग सम्झौता गरी सञ्चालन वा कार्य सम्पन्न गराउँदा स्वीकृत नर्म्स, मापदण्ड र लागतको प्रस्ताव स्वीकृत गरी उपभोक्ता समितिमार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

(द) उपभोक्ता समितिलाई एकपटक उपलब्ध गराएको काम सम्पन्न नभई अर्को काम दिइने छैन ।

४. मर्मत सम्भार कर्ता वा कामदार समूहको व्यवस्थाबाट हुन नसकिने तथा प्राविधिक दृष्टिले जटिल एवं मेशीनरीको उपयोग गर्नु पर्ने मर्मत सम्भार कार्य मात्र ठेक्का पट्टाबाट सम्पन्न गरिने छ ।

५. सम्भारकर्ता वा कामदारहरुको डोर हाजिर फाराम भरी तोकिएको व्यक्ति वा प्राविधिकको सिफारिसमा उपभोक्ता समितिले भुक्तानी गर्नेछ ।

६. सडक लगायतका पूर्वाधारहरुको मर्मत सम्भारको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति नगरपालिकाले उपलब्ध गराउनेछ ।

७. नगरपालिकाबाट आवश्यक जनशक्ति उपलब्ध नहुने अवस्थामा नगरपालिकाको स्वीकृत लिई सम्बन्धित उपभोक्ता समिति आफैले उपयुक्त किसिमको जनशक्तिको व्यवस्था गरी सेवा लिन सकिनेछ ।

## १३. योजनाको तर्जुमा तथा कार्यान्वयन

**स्थानीय सरकार सञ्चालन ऐन २०७४** अनुसार सहभागितात्मक प्रक्रियाबाट मर्मत सम्भार योजनाहरु पनि तर्जुमा गर्नु पर्दछ । जसतको प्रक्रिया देहाय बमोजिम हुने छ :



CamScanner

१. समितिको गठन तथा कोषको व्यवस्थापन,
२. भौतिक अवस्थाको विवरण संकलन, प्राप्त विवरणको लेखाजोखा तथा छलफल,
३. प्रारम्भिक लगत अनुमान र प्राथमिकिकरण,
४. विस्तृत अध्ययन तथा लागत अनुमानको तयारी,
५. समितिबाट योजना सहितको कार्यक्रमको तयारी,
६. योजना शाखाबाट निरिक्षण र उपभोक्ता समितिहरुको गठन,
७. नगर विकास कार्यक्रममा समावेश,
८. कार्यान्वयन व्यवस्थापन तथा सार्वजनिक परीक्षण,
९. अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषण,
१०. कार्यसम्पन्न प्रतिवेदन,
११. समिक्षा ।

## परिच्छेद -३

## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

### १४. कोषको स्थापना र खाता सञ्चालन

१. **स्थानीय सरकार सञ्चालन ऐन** २०७४अनुसार यस निर्देशिकाको बुँदा नं ७ मा व्यवस्थ भए अनुसारको एक मर्मत सम्भार विशेष कोष स्थापना गरिनेछ ।

२. उप दफा १ कोषमा देहायका रकमहरु रहनेछन् :

(क) मर्मत सम्भार विशेष कोषका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा नगर सभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नगर सभाको स्वीकृतीमा प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकारबाट विनियोजित रकम,

(च) जिल्ला विकास समितिबाट प्राप्त रकम,

(छ) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

३. नगरपालिकाबाट सञ्चालित भौतिक निर्माणसँग सम्बन्धित हरेक आयोजनाबाट ३ प्रतिशतका दरले मर्मत सम्भार कोषका लागि रकम कट्टी गरी राखिने छ ।

४. समितिको निर्णयबाट तोकिएको बैंकमा “मर्मत सम्भार विशेष कोष” नामको एक खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

५. यस कोषको खाता सञ्चालन नगरपालिकाका कार्यकारी अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्खतबाट गरिने छ ।

### ५. कोषको प्रयोग

१. यस कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ ।

क) नियमित ममत सम्भारको कार्य गर्न गराउन,

ख) सार्वजनिक बाटो, पुल, पुलेसा प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व वोध बारे जनचेतना अभिवृद्धि गराउने गराउन,

ग) मर्मत सम्भार काम गर्ने संस्थाहरु बीच समन्वयन र कार्यमा स्तरीयता ल्याउन नीरन्तर सुपरिवेक्षण र अनुगमन गर्ने,

घ) सामाजिक सचेतना तथा सहभागिता मूलक कार्यक्रम सञ्चालन गर्न ।

### ६. नपुग रकमको अवस्था

रकम अभाव भई सञ्चालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएका व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि नगरपालिकामा आवश्यक व्यवस्थाका लागि प्रविधिको सिफारिश पेश गर्नु पर्नेछ ।

### ७. विवरण तयार पार्ने

प्रत्येक आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै कोष सञ्चालन समितिबाट कार्यक्रम तयार पारी योजना शाखा मार्फत सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।



CamScanner

**१८. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने**

आगामी आर्थिक वर्षमा मर्मत सम्भार विशेष कोषका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन नगर सभामा बजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

**१९. बजेटको बांकी रकम**

एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आगामी वर्षको बजेटमा भुक्तानी दिने गरी समावेश गर्नु पर्नेछ ।

**२०. श्रेस्ता राख्ने**

१. कार्यालयले कोषको आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ ।

२. समितिले प्रशासनिक खर्च नगर परिषद्बाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन ।

३. सभाबाट उपलब्ध गराउने बजेटको रकम तोकिएको क्षेत्रबाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

**२१. बैठक भत्ता**

मर्मत सम्भार विशेष कोषका पदाधिकारीहरुले बैठकमा भाग लिए बापत नगर सभाबाट तोकिए बमोजिमको मात्र बैठक भत्ता पाउने छन् ।

**२२. खाता सञ्चालन**

कोषको आर्थिक कारोबारको लागि कार्यकारी अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

**२३. लेखापरीक्षण**

मर्मत सम्भार विशेष कोषबाट भएको आय व्ययको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट गरिनेछ भने अन्तिम लेखा परीक्षण लेखा समितिको सिफारिसमा नगर सभाबाट छनौट भएमा दर्तावाल लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

बनगाडकुपिण्डे नगरपालिका राजपत्र

CamScanner

## परिच्छेद -४

## कार्यान्वयन, व्यवस्थापन, समितिको गठन र निर्देशिका

### २४. कार्यान्वयन व्यवस्थापन

१. सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार कार्य उपभोक्ता समिति वा साझै कामदार मर्फत वा ठेक्का मार्फत गराउने व्यवस्था गरिनेछ। कुन काम कसरी गर्ने गराउने भन्ने विषयमा अवस्था हेरी समितिले तय गरे अनुसार हुनेछ। तर यस किसिमको कार्य गर्नका लागि नगरपालिकाको पूर्व स्वीकृति भने लिनु पर्नेछ।

२. वनगाड कुपिन्डे नगरपालिकामा मर्मत सम्भार कार्य व्यवस्थित रुपमा कार्यान्वयनमा तथा कोष व्यवस्थापनका लागि एक समितिको गठन गरिनेछ।

३. दफा (२) बमोजिम गठित समितिमा देहाय बमोजिमका पदाधिकारीहरु अध्यक्ष तथा सदस्य रहनेछन् :

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | -संयोजक |
| (ख) | प्रमुख, योजना तथ शहरी विकास शाखा | -सदस्य |
| (ग) | प्रमुख, लेखा शाखा | -सदस्य |
| (घ) | प्रमुख, प्रशासन शाखा | -सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

४. यस कार्यविधि बमोजिम गठित समितिको नियमित बैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।

५. आमन्त्रित पदाधिकारीले पनि बैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ।

६. आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन।

### २५. समितिको बैठक :

१. समितिको बैठक कम्तीमा चार महिनाको एकटक र आवश्यक परेमा जुनसुकै बखत पनि बस्ने सक्नेछ।

२. समितिको बैठक संयोजकसँग परामर्श गरी सदस्य-सचिवले बोलाउनेछ।

### २६. बैठकको निर्णय :

समितिको बैठकको निर्णय सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा हुनेछ।

### २७. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आगामी आर्थिक वर्षमा नगर क्षेत्रभित्र मर्मत गरिनु पर्ने भौतिक संरचनाहरुको लागत सहितको विवरण संकलन गरी नगर सभामा पेश गर्ने।

(ख) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नुपर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने।

CamScanner

(ग) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(घ) कोषको आय-व्यय सम्बन्धी हरहिसाबको लेखापरिक्षण गराई सो को लेखापरिक्षण प्रतिवेदन नगरपालिकामार्फत सभामा पेश गर्ने ।

(ङ) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरु लगायत खर्चको व्यवस्था कार्यालय बाटै मिलाउने व्यवस्था गर्ने ।

(च) प्रत्येक महिनामा कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने/गराउने ।

(छ) समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(ज) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग नगरपालिकाको सहमतिमा कार्यक्रमहरु उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

(झ) श्रोतको व्यवस्थापन गर्ने ।

## ८. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

**(क) संयोजकको काम, कर्तव्य र अधिकार:**

१. समितिको बैठकको अध्यक्षता गर्ने ।
२. कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।
३. कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।
४. समितिबाट पारित वार्षिक कार्यक्रम तथा आय व्ययको विवरण ।
५. प्रस्तावित बजेटमा समावेश गरी नगर सभामा पेश गर्ने व्यवस्था मिलाउने ।
६. कार्यक्रमहरुको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने ।

**(ख) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार :**

१. कोषको कार्यालय सञ्चालन गर्ने ।
२. बैठकको निर्णय अभिलेख गरी राख्ने ।
३. बैठकको निर्णय कार्यान्वयन गर्ने ।
४. अध्यक्षको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।
५. कोषको सञ्चालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखांकन गर्ने ।
६. वार्षिक आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समितिमा पेश गर्ने ।

**(ग) सदस्यको काम, कर्तव्य र अधिकार :**

१. समितिको बैठकमा नियमित रुपमा भाग लिने ।
२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।
३. कोषको प्रर्वद्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।
४. अध्यक्षको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## परिच्छेद -५

## मर्मत सम्भार सम्बन्धी व्यवस्था

### २९. मर्मत सम्भारका प्रकार

मर्मत सम्भारका प्रकार निम्नानुसारका हुनेछन् :

१. नियमित मर्मत सम्भार,
२. पटके मर्मत सम्भार,
३. आवधिक मर्मत सम्भार,
४. आकस्मिक मर्मत सम्भार,
५. रोकथाम मुलक मर्मत सम्भार
६. विशेष मर्मत सुधार ।

### ३०. प्राथमिकताक्रम

मर्मत सम्भा कार्यको प्राथमिकता तोक्ने काम समितिले प्राप्त तथ्यांक र वस्तुस्थितिका आधारमा गर्ने भएता पनि साधारणतया उपलब्ध साधन र श्रोत समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्यसञ्चालन गरिने छ ।

(क) आकस्मिक मर्मत सुधार,
(ख) नियमित मर्मत सुम्भार,
(ग) पटके मर्मत सुधार
(घ) आधिक मर्मत सम्भार
(ङ) रोकथाम मूलक मर्मत सम्भार,
(च) बाटो, नाली मर्मत सुधार ।

### ३१. सडक मर्मत संभार उपभोक्ता समितिको कोष व्यवस्थापन

१. नगरपालिकाले सडक मर्मत संभार समितिको पहलमा स्थानीय सडक मर्मत सम्भार उपभोक्ता समितिबाट परिचालन हुने गरी मर्मत सम्भार विशेष कोष स्थापना सक्नेछ। यस कोषमा नगरपालिका तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सम्बन्धित सडक मर्मत सम्भारका लागि प्राप्त रकमहरु रहनेछन् । यस अतिरिक्त स्थानीय सडक मर्मत संभार उपभोक्ता समितिले स्वीकृत विधान बमोजिम थप श्रोतहरु समेत जुटाई रकम संचय गर्न र कोषको परिचालन समेत गर्न सक्नेछ ।

२. यस मर्मत सम्भार उपभोक्ता समितिको कोषमा निम्नानुसार रकम जम्मा गरिनेछ :

(क) नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार तोकिएको सडकमा मर्मत सम्भारको लागि विनियोजन भै नगरपालिकामा प्राप्त हुन रकम,

(ख) सवारी कर र जरिवाना रकम,

(ग) प्रत्यक्ष लाभ प्राप्त गर्ने घरपरिवार एवं अन्य उपभोक्ताहरुबाट प्राप्त नगद वा स्वेच्छिक श्रम वापतको रकम,

(घ) सडक बोर्ड नेपालबाट तोकिएको सडकलाई विनियोजित रकम मध्येबाट उपभोक्ता समिति मार्फत मर्मत सम्भार कार्यका लागि नगरपालिका मार्फत उपलब्ध हुने रकम,

CamScanner

(ङ) नगरपालिकाको सहमतिमा विभिन्न आयोजनाहरुबाट उपभोक्ता समितिहरु मार्फत नै तोकिएको सडकको मर्मत सम्भार कार्यमा प्रयोग गर्ने शर्तमा छुट्याइएको रकम आदि ।

३. मर्मत सम्भार योजनाका लागि तल उल्लेखित कार्यहरु गर्नु वनगाड कुपिन्डे नगरपालिकाको प्रमुख दायित्व हुनेछ

क. नगरपालिका भित्रको सडकहरुको स्थिति विवरणका तयारी गर्नु पर्नेछ ।

ख. नगर यातायात गुरुयोजनाको तयारी तथा अद्यावदिक गर्ने ।

## ३२. वार्षिक मर्मत सम्भार योजना

नगरपालिकाले निम्न विवरण सहितको निर्धारित ढांचामा वार्षिक मर्मत सम्भार योजना तयार गरी नगर सभाबाट स्वीकृत गराई राख्नुपर्नेछ ।

१. मर्मत सम्भार कार्य आवश्यक भएका सडकहरुको विवरण,
२. मर्मत सम्भार कार्यको प्रकार,
३. मर्मत सम्भार कार्यको प्राथमिकता,
४. मर्मत सम्भार कार्यको डिजाइन तथा लागत अनुमान,
५. उपलब्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक श्रोतको जानकारी,
६. कार्यान्वंयन प्रक्रियाको किसिम,
७. प्राथमिकीकरण अनुमानित तालिका,
८. मर्मत सम्भार कार्य योजना ।

## ३३. विभिन्न निकायहरुको भूमिका

नगरस्तरीय मर्मत सम्भारको समुचित कार्यान्वयनका लागि नगरमा नगरपालिकाका अतिरिक्त निम्न निकायहरुको पनि महत्वपूर्ण भूमिका रहनेछ :

१. जिल्ला विकास समिति,
२. नगरपालिकासाग सिमाना जोडिएका गाउँ विकास समिति,
३. सडक मर्मत सम्भार समिति,
४. उपभोक्ता समिति,
५. सडक मर्मत सम्भार उपभोक्ता समिति ।

वनगाड कुपिन्डे नगरपालिका राजपत्र



CamScanner

# परिच्छेद -६

## विविध

### अनुगमन तथा मूल्यांकन

ारपालिकाको मर्मत सम्भार विशेष कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्यांकन व्यवस्था देहाय ुसार गरिनेछ :

(क) नगरपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा बुदा नं २७ (२) बमोजिम गठित समितिसँग समन्वय गरी गर्ने छ।

(ख) कार्यक्रम सञ्चालन भै कार्यान्वयन भएकोमा प्राविधिक मूल्यांकनका आधारमा वा कार्यप्रगतिको आधारमा पेश्की दिन सकिनेछ।

(ग) कार्यक्रमको आन्तिम किस्ता रकम अनुगमन तथा मूल्यांकनको आधारमा दिइने छ।

(घ) अनुगमन तथ मूल्यांकनका आधारमा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गरिनेछ।

(ङ) अनुगमन तथा मूल्यांकन सम्बन्धी खर्चको व्यवस्था नगरपालिकाको कार्यालयले मिलाउनु पर्नेछ।

(च) उपभोक्ता समितिहरुबाट हुने मर्मत सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाई लगायत विवरण संकलन काममा संलग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ।

### विवरण सार्वजनिक गर्नुपर्ने

मर्मत सम्भार सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ।

### पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने

राम्रो काम गर्ने उपभोक्ता समिति तथा कर्मचारीहरुलाई वनगाड कुपिन्डे नगरपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ।

### जांचपास र फरफारक

यस कार्यक्रम अन्तर्गत संचालित स-साना कार्यक्रमहरु पनि सम्पन्न भएपछि समयमा नै जांचपास गरी त्यसको फरफराक गराउनु पर्नेछ।

### ८. प्रतिवेदन

समितिबाट भए गरेका काम कार्यहरुको प्रगति प्रतिवेदन कार्यालय मार्फत नियमित रुपमा सम्बन्धित निकायहरुमा पठाई राख्नु पर्नेछ।

### ९. संशोधन तथा बचाउ

यस निर्देशिकामा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही नगर सभाले गर्न सक्नेछ। यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ। निर्देशिकामा लेखिएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ।

CamScanner